**Voice : A Biannual & Bilingual Journal**
*2024 June, Vol : 16, No. 1, pp.154-167*
DOI : https://doi.org/10.3126/voice.v16i1.67428

# नेपाली कथाको इतिहास, प्रमुख धारा, प्रतिभा र प्रवृत्ति

महेन्द्र वाग्ले[१]

**Article Information : Received :** April 11, 2024 **Revised :** May 21, 2024 **Accepted :** June 21, 2024

**सारसङ्क्षेप**

नेपाली साहित्यका प्रमुख चार विधा कविता, आख्यान, निबन्ध र नाटक रहेका छन् । तीमध्ये आख्यानअन्तर्गत कथा रहेको छ । यस लेखमा कथाको विकासक्रम, प्रमुख धारा र प्रवृत्तिहरूलाई पहिल्याउने उद्देश्य राखिएको छ । यसमा अध्ययनको विषय नेपाली कथाको इतिहास भएको हुनाले यसलाई ऐतिहासिक अध्ययन पद्धतिका आधारमा कालखण्डहरूको विभाजन गरी कथाको विकासमा देखिएको मोडहरू र त्यस मोडमा रहेका प्रमुख प्रतिभा, प्रवृत्ति तथा धारागत पहिचान गरिएको छ । नेपाली कथाको विकासक्रमको समयावधि निश्चित गर्न र त्यसको वैधताका लागि नेपाली साहित्यको इतिहाससँग सम्बद्ध पुस्तकहरू र नेपाली कथासाहित्यसँग सम्बन्धित पुस्तकहरूलाई आधार बनाइएको छ । नेपाली कथाको प्राथमिक र माध्यमिक कालको सन्दर्भमा खासै मतभेद नभए पनि आधुनिककालका धाराको विकासमा भने केही मतभेद अवश्य छ । यसमा एक हदसम्म नेपाली कथाको विकासमा देखिएका केही मतमतान्तरहरलाई पनि स्पस्ट पार्ने कार्य गरेको छ । यस लेखमा कुनै धारा वा प्रवृत्तिको आगमनले अर्को धारा वा प्रवृत्तिलाई पूरै निमिट्यान्न बनाउन नसक्ने र एक धारा वा प्रवृत्तिको निरन्तरतामा पूर्ववर्ति विशेषताहरूले पनि आवश्यकमात्रामा निरन्तरता पाइरहने विषयलाई जोड दिएको छ । त्यस्तै यस लेखमा नेपाली कथाको विकास प्राथमिक, माध्यमिक र आधुनिक तीन कालखण्डमा विभाजन गर्न उपयुक्त हुने निष्कर्ष रहेको छ ।

**शब्दकुञ्जी :** विकास, ऐतिहासिक, यथार्थवाद, प्रयोगवादी, समसामयिक

[१]उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस, पाटनढोका
इमेल : sajalwagle@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke
The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषयपरिचय

कुनै भाषा साहित्यको विकास क्रमिकरूपमा भएको हुन्छ । त्यो क्रमिक विकास एक निश्चित कालखण्डसँग सम्बन्धित हुन्छ । यही विकासको कालक्रमिक प्रक्रिया साहित्यको विकासक्रम हो । कुनै साहित्यको विकासक्रमको अध्ययन गर्दा समयको श्रृङ्खलाको अध्ययन हुन आवश्यक छ । यस श्रृङ्खलामा ऐतिहासिक घटनाक्रमहरूको प्रभाव पनि रहेको हुन्छ । सामान्यतः इतिहासमा भएको परिवर्तन र देखिएका मोडझैँ साहियको इतिहासमा पनि रूपहरू हुन्छन् । दयाराम श्रेष्ठ (२०६३) काअनुसार सामान्य इतिहासझैँ साहित्यइतिहासको पनि अखण्ड रूप हुन्छ । नदीझैँ इतिहासले पनि उद्गम स्थानबाट निस्केर एउटा अनवरत यात्रा तय गरिरहेको हुन्छ (पृ.३२) । यो अनवरत यात्राले कहिले सुस्तगति लिएको हुन्छ भने कहिले द्रुतगति । यही आधारमा साहित्यको विकासक्रमा पनि मोड, उपमोडहरू देखा पर्छन् । यस्ता मोडहरूलाई काल विभाजनको रूपमा निर्धारण गरेर नेपाली साहित्यमा अध्ययन अध्यापन गर्ने प्रचलन रहेको छ ।

पाश्चात्य र पूर्वीय विद्वानहरूले साहित्यको काल विभाजनका सन्दर्भमा आआफ्नो विचार व्यक्त गर्दै आएका छन् । कतिपय विद्वानहरूले इतिहासलाई एक सिङ्गो रूपमा अध्ययन गर्नुपर्ने बताएका छन् । बालकृष्ण पोखरेल (२०३१) ले पनि “सैद्धान्तिक पाराले साहित्यलाई छुट्टाछुट्टै कालमा विभाजन गर्नु असम्भव काम हो, किनभने साहित्य नदिझैँ हो जो मुहानदेखि लिएर सङ्गमसम्म अखण्डित रहन्छ, भलै मुहानदेखि टाढा लम्कँदा पाइलैपिच्छे त्यसको स्थूलता बढ्दै जाओस्“ (पृ.१) भनेर साहित्यको कालविभाजनलाई सैद्धान्तिक रूपमा स्वीकार गर्न नसकिने बताएका छन् । त्यस्तै अन्य विद्वानहरू पनि उनकै विचार नजिक रहे पनि  व्यवहारिक दृष्टिले यो सम्भव देखिदैन किनकि कुनै साहित्यलाई कालखण्डमा विभाजनविना त्यसका विशेषता, प्रवृत्तिको विश्लेषणमा धेरै जटिलता देखापर्छ । कुनै समयमा साहित्यमा देखिएको परिवर्तन र प्रभावले कालखण्डलाई नयाँ नाम प्रदान गर्छ । साहित्यको इतिहासलेखनको सन्दर्भमा दयाराम श्रेष्ठले कालविभाजनका केही नाम निम्न रूपमा प्रस्तुत गरेका छन् :

(क) शताब्दी : १८औँ शताब्दी, २०औँ शताब्दी आदि,
(ख) राजनीतिक घटना : रेस्टोरेशन पिरियड, पञ्चायतकाल आदि,
(ग) शासक वर्ग : एलिजावेथ काल, भिक्टोरिया काल, पृथ्वीकाल आदि,
(घ) कला इतिहास : पुनर्जागरण, गोथिक आदि,
(ङ) साहित्य : स्वच्छन्दतावादी, प्रतीकवादी आदि,,
(च) स्रष्टा विशेष : मोती युग, भानु युग आदि (श्रेष्ठ, २०६३, पृ. ३३) ।

त्यस्तै शरद्चन्द्र शर्मा भट्टराईले काल विभाजनका निम्न आधार प्रस्तुत गरेर छन् :

१. प्रख्यात शासक र तिनको नामका आाधारमा, जस्तै– पृथ्वी युग, भिक्टोरिया युग, हर्षवर्धन युग
२. साहित्यिक नेता र तिनका प्रभावका आधारमा जस्तै– भानुयुग, मोतीपुग, कालिदासयुग, चौसरयुग

३. लोकनायक र तिनको प्रभाव र परिधिका आधारमा, जस्तै–सन्त ज्ञानदिलदास युग, तुलसी युग, गान्धी युग
४. साहित्यिक मूलभाव, प्रवृत्ति वा वादका आधारमा, जस्तै–शृङ्गार वा रीति युग, जागरण आधार युग, स्वच्छन्दतावादी युग
५. शताब्दीका आधारमा, जस्तै– १९औं शताब्दीको साहित्य, बिसौं शताब्दीको साहित्य
६. राजनीतिक घटनाका आधारमा, जस्तै– प्रजातन्त्रकाल, पञ्चालत काल
७. ऐतिहासिक कालक्रमका आधारमा, जस्तै–प्राथमिक, माध्यमिक, सङ्क्रमण र आधुनिक आदि (भट्टराई, २०६१, पृ. ११०) ।

त्यस्तै विद्वानहरूमा केही मतान्तर भए पनि मूल कुरा के हो भने समाजमा देखिएको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक परिवर्तनले साहित्यको विकासलाई पनि प्रभावित तुल्याएको हुन्छ । नेपाली साहित्यको इतिहास लेखनमा ऐतिहासिक कालखण्ड र प्रवृत्तिलाई मूल आधार बनाइएको हुनाले विद्वानहरूले आआफ्ना विचारहरूसहितको कलविभाजन देखिएको हो । काल विभाजनको अवधारणा आफैँमा यादृच्छिक प्रवृत्तिको देखिन्छ, यादृच्छिक हुनुको अर्थ कृतिम हुनु पनि हो (श्रेष्ठ, २०६५, पृ.४१) । त्यसैले कालविभाजनमा मतभिन्नता हुनु स्वभाविक हो । ईश्वर बरालले सम्पादन गरेको झ्यालबाहिर (२००६), तारानाथ शर्माको नेपाली साहित्यको इतिहास (२०२७), दयाराम श्रेष्ठ र मोहराज शार्मको नेपाली साहित्यको सङ्क्षिप्त इतिहास (२०३४), मोहनराज शर्मा र राजेन्द्र सुवेदीको समसामयिक साझा कथा (२०४१) को भूमिका, घनश्याम नेपालद्वारा सम्पादित कथासार (२०४३), सरद्‌चन्द्र शर्मा भट्टराईको 'नेपाली गद्याख्यानको कालविभाजन' लेख, मोहनराज शर्माको कथाको विकास प्रक्रिया (दो.सं.,२०५०), दयाराम श्रेष्ठको 'नेपाली काथासाहित्यको विकासक्रम र वर्तमान प्रवृत्ति' (२०५३) शीर्षकको कार्यपत्र, रोशन थापा नीरवको 'नेपाली कथाको विकासक्रम' (२०४५) लेख, हरिप्रसाद शर्माको कथाको सिद्धान्त र विवेचना, खगेन्द्रप्रसाद लुइटेलको 'नेपाली कथाको विकासमा समकालीन चेत' (२०६५) लेख, देविप्रसाद गौतम र कृष्णप्रसाद घिमिरेको आधुनिक नेपाली कथा भाग-३ (२०६८)मा 'आधुनिक नेपाली कथाको विकास' शीर्षकको लेख आदिमा नेपाली गद्य तथा कथा साहित्यको कालविभाजन गरिएको छ । अतः नेपाली कथाको कालविभाजनमा मतभिन्नता देखिए पनि निम्न आधार स्वीकार गरिएको देखिन्छ :

१. ऐतिहासिक कालखण्ड
२. प्रमुख वा प्रतिनिधि स्रष्टा
३. प्रमुख वा प्रतिनिधि कृति र पत्रिका
४. राजनीतिक घटना सन्दर्भ वा आन्दोलन
५. साहित्यिक प्रवृत्ति र प्रभाव आदि (गौतम र अधिकारी, २०६९, पृ.३७) ।

नेपाली कथाको काल विभाजनका सम्बन्धमा पनि विभिन्न मतहरू छन् तथापि ऐतिहासिक सन्दर्भसहितको काल विभाजन प्राथमिकतामा छ । जसमा दयाराम श्रेष्ठले प्राथमिक काल (वि.सं. १८२७ देखि १९५७ सम्म), माध्यमिक काल (वि.सं. १८५८ देखि १९९१ सम्म) र आधुनिक काल

(वि.सं. ११९९२ देखि हालसम्म) गरी तीन कालखण्डमा विभाजन गरेका छन् । त्यस्तै कृष्णहरि बराल, देविप्रसाद गौतम, खगेन्द्रप्रसाद लुइटेल, कृष्ण धरावसी लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी, नेत्रप्रसाद न्यौपाने र नारायणप्रसाद शर्मा, गैरेले पनि सोही कालविभाजनलाई समर्थन गरेका छन् र कसैकसैले मोडहरू पनि छुट्याएका छन् । अलि भिन्न प्रकारबाट ईश्वर बरालले कथाको आधुनिक काललाई आधुनिक कथाको पहिलो उत्थान काल : प्रयोगकाल (वि.सं. १९९१–१९९४), आधुनिक कथाको दोस्रो उत्थान काल : विकासकाल (वि.सं. १९९५–२००३) र आधुनिक कथाको तेस्रो उत्थान : नवजागरणकाल (वि.सं.२००४–२००७) भनेका छन् भने घनश्याम नेपालले वि.सं. २०२० देखि प्रयोगकाल : अयामेली धारा भनी उल्लेख गरेका छन् । उपर्युक्त आधारमा नेपाली कथासाहित्यको विकासक्रमलाई मूलतः प्राथमिक, माध्यमिक र आधुनिक काल गरी तीन खण्डमा विभाजन गर्न उपयुक्त हुने देखिन्छ। त्रिभुवन विश्वविद्यालयमा अध्ययन अध्यापन गर्न सहजताका लागि पनि यो तीन खण्डमा गरिएको कालविभाजन उपयुक्त छ । वास्तवमा यो सहजता साहित्यको ऐतिहासिक अध्ययनले बनाएको हो । अतः नेपाली कथा साहित्यको काल विभाजन, धारा, प्रतिभा र प्रवृत्तिलाई अध्ययन गर्दा ऐतिहासिक अध्ययन पद्धतिका आधारमा अध्ययन गर्न उपयुक्त हुन्छ ।

## उद्देश्य

नेपाली कथा साहित्यको सिर्जना परम्परा समृद्ध छ । यसले पूर्वीय र पाश्चात्य साहित्यको प्रभावलाई पनि ग्रहण गरेर निरन्तर अग्रगतिमा छ । वर्तमानमा नेपाली कथाले विभिन्न मोड, धारा, प्रवृत्तिहरू आत्मसाथ गरेको छ । वि.सं. १९२७ देखि लिखित स्वरूपमा देखिएको कथा वर्तमानमा आइपुग्दा नेपाली कथा साहित्यमा धेरै उतारचढाव भए । त्यसबिचमा कथाको विकासक्रमका सम्बन्धमा विद्वानहरूमा मतमेद भयो । यसमा मूलतः विकासक्रमलाई कति खण्डमा विभाजन गर्ने र कुन समयावधीलाई कुन धाराको मान्ने भन्ने प्रश्न छ । त्यसैले यस लेखमा उक्त समस्यालाई समाधान गर्नका लागि नेपाली कथाको कालविभाजन गरी त्यसका धाराको विश्लेषणसहित धारा र प्रवृत्तिहरू प्रस्ट पर्ने उद्देश्य राखिएको छ ।

## विश्लेषणको सैद्धान्तिक ढाँचा

ऐतिहासिक अध्ययन पद्धतिको माध्यमबाट अतीतमा घटेका घटनाहरू, विकास र अनुभवको बारेमा उल्लेख गरिएको हुन्छ । तसर्थ ऐतिहासिक विधि भनेको इतिहासकारहरूले प्राथमिक र अन्य प्रमाणहरूसहित विगतका घटनाहरूको अनुसन्धान गर्न प्रयोग गर्ने प्रक्रियाहरूको सेट हो (https://metodologiasapiens.com/ne/metodos/mas-informacion-metodo-historico/) । यसले घटनाको आलोचनात्मक परीक्षण पनि गर्छ। यसमा साक्ष्यहरूको जानकारी स्रोतको वैधताका साथै सावधानीपूर्वक मूल्याङ्कन पनि गरिन्छ । ऐतिहासिक अध्ययनमा कुनै कालखण्डमा भएका कुराहरूलाई ऐतिहासिक दृष्टिकोणले हेरिन्छ । यसमा प्राचीन तथ्य, परम्परा, विचारधारा साथै वर्तमान अवस्थाको पनि ध्यान दिइएको हुन्छ ।

यसले ऐतिहासिक समस्यालाई उजागर गर्छ र त्यसको समाधानका लागि पनि दिशानिर्देश गर्छ । यसमा समस्याको पहिचान, परिकल्पनाको निर्माण र सत्यापनको खोजी र विश्लेषणका साथ ऐतिहासिक विवरणहरूलाई पनि सामेल गराइएको हुन्छ । विकिपिडियाअनुसार ऐतिहासिक विधि त्यो तरिका र दिशानिर्देशहरूको समुच्चय हो जसको उपयोग इतिहासकार अतीतको इतिहासको अनुसन्धान र लेखनका लागि गर्दछ (https://hi.wikipedia.org/wiki) र ऐतिहासिक विधि) । यसले ऐतिहासिक परिप्रेक्षमा अतीतको अध्ययन गरेर नयाँ दृष्टिकोणको विकास गर्दै वर्तमान र भविष्यमा अध्ययनको प्रसङ्गिकता र उपयोगिताको निर्धारण गर्छ । यसको सामाजिक शास्त्र र राजनीतिशास्त्रमा बढी महत्व रहेको छ भने साहित्यिक अध्ययनमा पनि यसको स्थान छ । कुनै पनि अध्यताले ऐतिहासिक पद्धतिको आधारमा साहित्यलाई अध्ययन गर्छ भने त्यसमा तत्कालीन समाजको विशेषतालाई पनि अध्ययनको विषय बनाएको हुन्छ ।

ऐतिहासिक अध्ययन पद्धतिमा अतीतको तथ्य र अभिलेखलाई सङ्कलन गरेर त्यसको उपयोगितालाई केलाइएको हुन्छ । इतिहासमा केवल के थियो भन्ने विषयको अध्ययन मात्र होइन, यसमा किन र कसरी घटित भयो भन्ने पनि अध्ययन हुन्छ (kujar, 2021 movemver 25) । त्यसैले प्रत्येक समाजमा कुन परम्मरा, रीतिरिवाज तथा त्यसको विकास कसरी भयो भन्ने विषय महत्व भएझैँ साहित्यमा पनि त्यसको विकासमा कुन प्रवृत्ति, वाद वा मान्यताले प्रभाव पारेको छ भनेर सोहीअनुसार क्रमगत अध्ययन गरिन्छ । यस अध्ययनमा पनि प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिन्छ । साहित्यको अध्ययनमा मूलतः द्वितीयक स्रोतको भूमिका अधिक हुन्छ । यसमा पत्रपत्रिका, समाचार, डायरी, सान्दर्भिक पुस्तक आदिको उपयोग गरिएको हुन्छ ।

यस अध्ययन पद्धतिमा मूलतः समस्याको ऐतिहासिक दृष्टिले अध्ययन गरिन्छ । अध्यताले पनि इतिहासको कालखण्डमा केकस्ता कुराहरू भएका थिए र त्यसले केकस्ता प्रभाव पार्‍यो भन्ने विषयलाई र म्रोसँग जानकारी लिई अनुसन्धान गर्नुपर्ने हुन्छ । यस लेखमा पनि ऐतिहासिक अध्ययन पद्धतिलाई अनुसरण गरी नेपाली कथालाई प्राथमिक, माध्यमिक र आधुनिक कालखण्डमा विभाजन गरी अध्ययन गरिएको छ ।

## नेपाली कथाको इतिहास, प्रमुख धारा, प्रतिभा र प्रवृत्ति

नेपाली कथाको काल विभाजनका सम्बन्धमा विभिन्न मतहरू देखिए पनि ऐतिहासिक सन्दर्भसहितको काल विभाजनलाई साहित्येतिहासकारहरूले छाडेका छैनन् । जसमा दयाराम श्रेष्ठले प्राथमिक काल (वि.सं. १८२७ देखि १९५७ सम्म), माध्यमिक काल (वि.सं. १८५८ देखि १९९१ सम्म) र आधुनिक काल (वि.सं. ११९९२ देखि हालसम्म) गरी तीन कालखण्डमा विभाजन गरेका छन् । त्यस्तै कृष्णहरि बराल, देविप्रसाद गौतम, खगेन्द्रप्रसाद लुइटेल, कृष्ण धरावसी लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी, नेत्रप्रसाद न्यौपाने र नारायणप्रसाद शर्मा, गैरेले पनि सोही कालविभाजनलाई समर्थन गरेका छन् र कसैकसैले मोडहरू पनि छुट्याएका छन् । अलि भिन्न प्रकारबाट ईश्वर बरालले कथाको आधुनिक काललाई आधुनिक कथाको पहिलो उत्थान काल : प्रयोगकाल (वि.सं. १९९१–१९९४), आधुनिक कथाको दोस्रो उत्थान काल : विकासकाल (वि.सं. १९९५–२००३) र आधुनिक कथाको तेस्रो उत्थान : नवजागरणकाल (वि.सं.२००४–२००७) भनेका छन् भने घनश्याम नेपालले वि.सं. २०२० देखि प्रयोगकाल : अयामेली धारा भनी उल्लेख गरेका छन् । उपयुक्त आधारमा नेपाली कथासाहित्यको

विकासक्रमलाई मूलतः प्राथमिक, माध्यमिक र आधुनिक काल गरी तीन खण्डमा विभाजन गर्न उपयुक्त हुने देखिन्छ। त्रिभुवन विश्वविद्यालयमा अध्ययन अध्यापन गर्न सहजताका लागि पनि यो तीन खण्डमा गरिएको कालविभाजन उपयुक्त देखिन्छ । तिनको चर्चा निम्न गरिएको छ :

## नेपाली कथा साहित्यको प्राथमिक काल, धारा, प्रतिभा र प्रवृत्ति

नेपाली कथा साहित्यको विकासलाई नियाल्दा वि.सं. १८२७ देखि १९५७ सम्मको समयलाई प्राथमिक कालको रूपमा लिइएको छ। शक्तिबल्लब अर्यालले लेखेको महाभारत विराटपर्व (वि.सं.१८२७) लाई कथाको प्राथमिक कालको बिन्दुका रूपमा मानिन्छ । यस समयका प्रमुख कृतिहरू महाभारत विराटपर्व, हितोपदेश मित्रलाभ, बाइबल, हास्य कदम्ब, बैतालपंचविंशति कथाहा, वीरसिक्का, महाज्ञान मुद्रा कथाहा, वेताल पंचविंशति, पच्चिस वेताल, पिनासको कथाहा, द्वात्रिंशत पुत्तलिका कथाहा, मुद्राराक्षस, शान्तिपर्व, महाभारत विराटपर्व, आध्यात्मरामायण, पुरानो अनि नयाँ सासतरको कथा पर्वते कुरा, मधुमालतीको कथाहा, स्वस्थानीको व्रतकथाहा, महालक्ष्मी संवाद, धर्मसंवाद, द्वात्रिंशत पुत्तलिका लालहीराको कथा, दशकुमार चरित, मुन्सीका तीन आहान आदि छन् भने कृतिकारहरू शक्तिबल्लब अर्याल, पादरी गङ्गाप्रसाद, शक्तिबल्लब अर्याल, गौरीशङ्कर पण्डित, लक्ष्मीनारायण जोशी, गौरेश्वर शर्मा, अमृतानन्द आदि रहेका छन्। यस समयमा लेखिएका कथाहरूभन्दा पूर्व अज्ञातले लेखेको तन्त्राख्यान र सत्सङ्गको वर्णन भयाको कथाहा (वि.सं.१८०० तिर) लाई नेपाली कथाको सर्वप्राचीन रूप मानिएको छ (गौतम र अधिकारी, २०६९, पृ. ४१) तथापि कथाका स्वरूपलाई नियाल्दा आख्यान देखिएका स्वरूपहरू माथि उल्लेखित कृतिहरू नै हुन् । यस समयमा देखिएका हास्यकदम्बभन्दा केही भिन्न पिनासको कथा देखा परेको छ भने आख्यानमा कथात्मक स्वरूपको निखारता दशमकुमार चरित र मुन्सीको तीन आहानमा आइपुग्दा भएको छ ।

यस कालखण्डका कथा प्रवृत्तिहरूलाई निम्न उल्लेख गर्न सकिन्छ :

१. अधिक कथाहरू संस्कृत भाषाबाट अनुवाद गरिएका र अन्य केही अङ्ग्रेजी, उर्दू, हिन्दी आदिबाट पनि अनुवाद गरिएका हुनाले मौलिक कथालेखनको अभाव हुनु,
२. नैतिक औपदेशिक आख्यानको अनुवाद हुनु र त्यसको प्रभाव आख्यानमा देखिनु,
३. आख्यानमा समावेश गरिएका विषयवस्तु जीवनका वास्तविक यथार्थभन्दा पर हुनु,
४. तिलस्मी, जासुसी जस्ता विषयहरू भएकाले आख्यान रोमाञ्चक र कुतुहलपूर्ण हुनु,
५. कथानकीय तत्वहरूको पूर्ण प्रयोग नहुनाले कथाको संरचना कमजोर भई विधागत सचेततामा अभाव देखिनु,
६. मनोरञ्जन साथै दैवी शक्ति देखाउन मानवेत्तर, दैवी, अलौकिक पात्रको प्रयोग आख्यानमा हुनु,
७. लोककथात्मक शैलीमा प्रेम, उत्साह र वीर भावनालाई आख्यानमा समावेश गर्नु,
८. हिन्दू धर्मसँग सम्बन्धित महाभारत, रामायण, पुराणका विषय संस्कृत भाषाबाट, इसाई धर्मसँग सम्बन्धित बाइबलका विषय अङ्गेजीबाट र तिलस्मी, जासुसी विषयहरूलाई अरबी–फासरी भाषाबाट नेपालीमा अनुवाद गरिएको हुनु,
९. तत्सम भाषाको अधिक प्रयोग हुनु,
१०. सामाजिक भावना भन्दा धार्मिक र नैतिक भावना प्रबल हुनु ।

**नेपाली कथा साहित्यको माध्यमिक काल (वि.सं. १९५८ देखि १९९१ सम्म), धारा, प्रतिभा र प्रवृत्ति**

गोरखापत्रको प्रकाशन (वि.सं. १९५८) देखि वि.सं. १९९१ सालसम्मको समयलाई नेपाली कथाको माध्यमिक कालको रूपमा स्वीकार गरिएको छ । माध्यमिक कालको अन्तिम बिन्दु गुरूप्रसाद मैनालीको 'नासो' कथा हो । यस समयमा नेपालबाट गोरखापत्र प्रकाशित हुन्छ भने भारतभूमिबाट गोर्खे खबर कागज (१९५८ दार्जिलिङ), सुन्दरी (१९६३ वनारस), माधवी (१९६५ वनारस), गोखाली (१९७२), चन्द्रिका (१९७४ देहरादुन) जस्ता साहित्यिक पत्रिकाहरूमा प्रकाशित हुँदै तिनले फुटकर कथाहरू जन्म दिए (न्यौपाने र गैरे, २०६८, पृ. २६) । प्राथमिक कालमा संस्कृतिवाट भावानुवाद गरिएका, अरबी फारसीबाट अनुवाद गरिएका तिलस्मी र जासुसी कथाहरू देखापरेका थिए भने माध्यमकि कालमा कथा भनेर जसलाई पहिचान गरिन्छ ती किस्सा वा खिस्सा भनिएको पाइन्छ । यस्ता खिस्साहरूमा पवित्राको चरित्र, प्रत्यागमन, खाना खानाको उदारता, माला, अद्भूत, मनुष्य, बदला, नीरनारीको कथा, हृदयपरीक्षा आदि शीर्षकका किस्साहरू देखा पर्छन्.(गौतम र अधिकारी, २० ६९, पृ.४४) । गोरखापत्रमा कथात्मक स्वरूपको 'पतिव्रता चरित्र' शीर्षकको कथा वि.सं. १९५९ मा देखा परे पनि यसका लेखक अज्ञात भएकाले वेदनिधि उपाध्यायको 'प्रेरित पत्र' (वि.सं. १९६६) लेखकको नाम उल्लेख भएको कथा देखिन्छ। यसपछि भारतबाट केही मौलिक कथाहरूका रूपमा 'डा. सुर्यप्रसाद' (वि.सं १९७३), 'चक्रपरिक्रमा' (वि.सं. १९७३), 'एकलाखको चोरी' (वि.सं. १९७४) आदि देखापर्छन् भने गोरखापत्रमा प्रकाशित 'अदभूत कुकुर' (१९६६), 'प्रेमको प्रभाव', 'सुकुल गण्डाको कहानी' (१९६६), 'ठट्टाबाज' (१९६८), 'धर्मात्मा' (१९६८), 'स्वर्गको साँचो' (१९७०), 'राम्रो औँठी' (१९७०), 'विचित्रको जासुसी' (१९७१), 'हृदयपरीक्षा' (१९७२), 'कर्मको फल' (१९७८), 'एक भूतलिला' (१९७९) आदि प्रमुख कथा हुन् । यी कथाहरूले आधुनिक कथाको पृष्ठभूमि निर्माण गरेका छन् ।

यस कालका कथाहरूको अध्ययन गर्दा प्रमुख प्रवृत्तिहरूलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छ :

१. कथाहरूमा मानवेत्तर पात्रहरूको प्रयोग गरिए पनि मानव पात्रलाई प्राथमिकता दिनु,
२. धार्मिक पौराणिक आख्यानको प्रयोग गर्नु,
३. कथामा सामाजिक परिवेशको चित्रण गर्नु,
४. कथाहरूमा भावानुवाद बढी देखिनु,
५. नैतिक, औपदेशिक, ऐतिहासिक, जासुसी, सहासीजस्ता विषय भएकाले कथामा विषयगत विविधता देखिनु,
६. यथार्थभन्दा बढी आदर्शतिर ढल्काएर कथा लेख्नु,
७. कथाहरूको उद्देश्य नीतिशिक्षा, उपदेश र मनोरञ्जन हुनु,
८. हिन्दी, उर्दू, वङ्गाली र अङ्ग्रेजी स्रोतका कथाहरूको प्रभाव हुनु,
९. पूर्वार्धका कथाहरूमा वीरता, प्रेम र सहासका विषय भए पनि उत्तरार्धका कथामा सामाजिकता पनि पाइनु,
१०. कथातत्वको प्रयोगका आधारमा विधागत सचेततामा अभाव देखिनु,
११. प्रायः कथाहरू वर्णनात्मक शैलीमा लेखिएको हुनु ।

**नेपाली कथा साहित्यको आधुनिक काल (वि.सं. १९९२ देखि हालसम्म), धारा, प्रतिभा र प्रवृत्ति**

आधुनिकको शब्दले नयाँ, हिजोआजको, भर्खरै अस्तित्वमा आएको, हालसालको भन्ने अर्थ दिन्छ। यसलाई समयका आधारमा हेर्दा यो एक कालखण्ड पनि हो र प्रवृत्तिका आधारमा नवीनता हो । लक्ष्मणप्रसाद गौतम(२०६६)का अनुसार अन्धपरम्पराको विरोध गर्दै नवीनता, युगीनता, यथार्थपरकता, तार्किकता, प्रयोगशीलता र भौतिकवादी वैज्ञानिकतातिर उन्मुख अवधारणालाई नै आधुनिकता भनिन्छ (पृ.२४) । नेपाली कथा साहित्यको आधुनिकताको सम्बन्धमा विचार गर्दा माध्यमिक कालीन जासुसी, तिलस्मी र चमत्कारिक साथै काल्पनिक विषयवस्तुको विरुद्धमा सामाजमा देखिएको यथार्थ विषयवस्तु समेटिएको कथा देखिनु आधुनिकता हो । नेपाली कथासाहित्यमा आधुनिकताको प्रर्वतनमा केही मतभेद रहे पनि मैनालीको 'नासो' कथालाई नै आधुनिक कथाको प्रस्थानबिन्दु धेरैले स्वीकार गरेका छन् ।

'आधुनिक नेपाली कथाको धारा र प्रवृत्तिहरूलाई मोडकै आधारमा निम्न उल्लेख गरिएको छ :

(क) पहिलो मोड (वि.सं.१९९२ देखि)

(अ) सामाजिक यथार्थवादी धारा (वि.सं. १९९२ देखि)

(आ) मनोवैज्ञानिक यथार्थवादी धारा (वि.सं. १९९२ देखि)

(इ) समाजवादी (प्रगतिवादी) धारा (वि.सं.२००६ देखि)

(ख) दोस्रो मोड (वि.सं.२०२० देखि)

नवचेतनावादी/प्रयोगवादी धारा (वि.सं. २०२० देखि)

(ग) तेस्रो मोड, धारा (वि.सं.२०३६ देखि)

समसामयिक धारा/उत्तरवर्ती चरण (वि.सं. २०३६ देखि)

(घ) चौथो मोड (वि.सं.२०४० देखि)

उत्तरआधुनिकतावादी बहुलवादी धारा (वि.सं. २०४० यता) ।

**(क) पहिलो मोड (वि.सं.१९९२ देखि), धारा, प्रतिभा र प्रवृत्ति**

आधुनिक नेपाली कथाको पहिलो मोड भनेको वि.सं. १९९२ सालको समय हो । यस समयलाई कथा प्रवृत्तिका आधारमा सामाजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी र समाजवादी (प्रगतिवादी) धाराका रूपमा विभाजन गरी निम्न अध्ययन गर्न सकिन्छ :

**(अ) सामाजिक यथार्थवादी धारा (वि.सं. १९९२ देखि)**

यो आधुनिक नेपाली कथाको पहिलो धारा हो । यसले समाजको चित्रणमा सत्यतथ्यलाई प्रस्तुत गर्दछ । गुरूप्रसाद मैनालीको 'नासो' (१९९२) कथालाई नै सामाजिक यथार्थवादी प्रथम कथा हो ।

यस समयका कथाहरूमा यथार्थ विषयसहित अतिरिक्त तत्कालीन सामाजिक, आर्थिक र राजनीतिक विषयलाई पनि समेटेका छन् । मैनालीले नेपाली कथा साहित्यलाई नवीन गोरेटो प्रदान गरिसकेपछि बालकृष्ण सम, पुष्कर समशेर, बदरीनाथ भट्‌राई, माधवलाल कर्मचार्य, शङ्कर कोइराला, मातृकाप्रसाद कोइराला, कृष्णबम मल्ल, केशवराज पिँडाली, शिवकुमार राई, भिमनिधि तिवारी, माधव भँडारी, कुमार ज्ञवाली, चन्द्रकला नेवार, बालकृष्ण पोखरेल, गीता केशरी, सनत रेग्मी, धनमान श्रेष्ठ, तेजप्रकाश श्रेष्ठ आदिले पनि यस धाराको श्रीवृद्धिमा भूमिका निर्वाह गरेका छन् । यिनीहरूका केही कथाकृतिलाई निम्न प्रस्तुत गरिएको छ : नासो, तलतल, पुष्कर समशेरका कथाहरू, पौराणिक कहानी, ऐतिहासिक कहानी, वैदिक कहानी, मर्नैजति परेपछि, ढ्याङ गाउँको बगरे, एक्काइस कथा, एकातिस कथा, एघार कथा, प्रेम र सपना, मातृकाका कथा र उनको कथाशिल्प कृति, गुरुजीको मलामी, देवता, श्री ५ रामशाहको न्याय आदि ।

उपर्युक्त कथाकारका कथाहरूको अध्ययन गर्दा सामाजिक यथार्थवादी धाराका प्रवृत्तिलाई निम्न उल्लेख गर्न सकिन्छ :

१. प्रायः रैखिक ढाँचामा कथा प्रस्तुत गर्नु,
२. विधागत रूपमा सचेत भई कथातत्वको पूर्ण परिपालन गर्नु,
३. सामाजिक अन्धविश्वास, रुढिगत मान्यताहरू प्रस्तुत गरी त्यसको विरोध गर्नु,
४. नारी जीवनका पीडा, भोगाइ, अनुभूतिलाई प्रस्तुत गर्नु,
६. निम्न वर्गीय ग्रामीण परिवेशको समस्याका पक्षहरूलाई प्राथमिकताका साथ प्रस्तुत गर्नु,
७. समाजमा देखिएको आर्थिक असमानता र विभेदको चित्रण गर्नु,
८. प्रायः निम्न र मध्यम वर्गीय सामाजिक जीवनका यथार्थ विषयवस्तुलाई समेटनु,
९. कथामा स्थानीय भाषा र सोहीअनुसारको पात्रले स्थान पाउनु,
१०. कथामा सामाजिक यथार्थका साथै आदर्श जीवनशैलीका विषयले स्थान पाउनु ।

### (आ) मनोवैज्ञानिक यथार्थवादी धारा (वि.सं. १९९२ देखि)

आधुनिक नेपाली कथा साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धाराको प्रर्वतनको श्रेय विश्वेश्वरप्रसाद कोइरालालाई जान्छ। उनको ‘चन्द्रवदन’ (१९९२) कथाले नेपाली कथा साहित्यमा मनो वैज्ञानिक धाराको सुरुवात गरेको हो । उनको यो मनोविज्ञान सिग्मण्ड फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्तसँग सम्बन्धित छ । कोइरालाका कथामा मानवीय कुण्ठा तथा दमित वासना, हीनताग्रन्थि अनि अन्तर्मुखी तथा बहिर्मुखी व्यत्तित्वको प्रयोग बढी भएको पाइन्छ (बराल, २०६९, पृ.१९) । उनका कथामा रुसी कथाका एन्टेन चोखेव, म्याक्सीम गोर्कीको पनि प्रभाव देखिन्छ। यस धाराका केही प्रमुख कथाकार विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, तारणिप्रसाद कोइराला, गोबिन्दबहादुर मल्ल ‘गोठाले’, विजय मल्ल, देवकुमारी थापा, पोषण पाण्डे, दौलतविक्रम विष्ट, पुष्कर लोहनी, मदनमणि दीक्षित, परशु प्रधान, प्रेमा शाह आदि हुन भने प्रमुख कृतिहरू दोषी चश्मा, श्वैत भैरवी, विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू, गुनकेशरी, मैयासाहेब, आर्वत, आवान्तर, रातो स्वेटर, कथैकथा, प्रेम र मृत्यु, बाह्र कथा, जङ्गबाहादुर र हिरण्यगर्भकुमारी, एक बाटो अनेका मोड, परेवा र कैदी, एकादशी, झझल्को, सेतो बिरालो, टपरी आदि रहेका छन् ।

उपर्युक्त कथाकारका कथाहरूको अध्ययनबाट मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवृत्तिहरूलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छ :

१. मानव मनको आवेग संवेगलाई सुक्ष्म विश्लेषण गर्नु,
२. फ्रायड, एडलर र युङको मनोविज्ञानसँग सम्बद्ध सिद्धान्तको प्रयोगका आधारमा कथा लेखिनु,
३. अवचेतन मनका मानसिक क्रियाप्रतिक्रियाहरूलाई सरल र सहज प्रस्तुति गर्नु,
४. मानव कल्पना, धारणा, संवेदना, भावना आदिलाई कलात्मक तवरबाट प्रस्तुत गर्नु,
५. मनोवैज्ञानिक पक्षसँग सम्बद्ध बिम्ब र प्रतीकहरूको प्रयोग गर्नु,
६. चरित्र प्रधान कथाहरूको माध्यमबाट मनोविज्ञानको प्रयोग गर्नु,
७. मनोविज्ञानमा आधारित सामाजिक, आर्थिक, राजनीतिक सन्दर्भहरूको प्रयोग गर्नु,
८. यौन मनोविज्ञान, बालमनोविज्ञान, सामाजिक मनोविज्ञान, नारी मनोविज्ञान, अपराध मनो विज्ञानलाई पनि कथामा समेट्नु,
९. यौन कुण्ठा र दमित वासनालाई कथामा प्रस्तुत गर्नु,
१०. मानवीय स्वभावलाई वैयक्तिक र सामाजिक सन्दर्भमा प्रयोग गर्नु ।

**(इ) समाजवादी (प्रगतिवादी) धारा (वि.सं.२००६ देखि)**

समाजवादी (प्रगतिवादी) धारा मार्क्सवादी दर्शनबाट प्रभावित छ । यसले शोषकको शोषण र शोषित जनताको दयनीय अवस्था र उनीहरूमा भएको अन्याय, अत्याचार आदिलाई कथामा समवेश गरिएको हुन्छ । यसले गरिब र निमुखा जनताको समस्यालाई उजागर गरेर उनीहरूको पक्षमा आवाज उठाउँछ । यस धाराले समाजवादी शासनको स्थापना गर्ने उद्देश्यले सामन्तवादी तथा बुर्जुवा प्रवृत्तिप्रति कडा प्रहार गरिरहेको छ (बराल, २०६९, पृ.१९) । यस धारामा कलम चलाउने केही प्रमुख कथाकारहरू रमेश विकल, हृदयचन्द्रसिंह प्रधान, भवानी घिमिरे, चुडामणि रेग्मी, हरिहर खनाल, पूर्णविराम, विजय चालिसे, इस्माली, पुण्यप्रसाद खरेल, ऋषिराज बराल, कृष्णप्रसाद सर्वहारा, घनश्याम ढकाल, राममणि ढुङ्गेल, कपिल लामिछाने हुन् । त्यस्तै केही महत्वपूर्ण कृतिहरू विरानो देशमा, नयाँ सडकको गीत, उसको आँसु, हृदयचन्द्रका कथाहरू,आत्माज्वाला, पहिलो यात्रा, नेपाली कथासाहित्य-१, अजम्बरी गाउँ, आफन्त, त्रिविध, माछो माछो भ्याकुतो, घाम, पुनर्बाहाली, गाउँको कथा भन्छु है आदि रहेका छन् । यस धाराका प्रवृत्ति निम्न रहेका छन् :

१. मार्क्सवादी दर्शनबाट प्रभावित हुनु,
२. जीवनको भौतिक पक्षलाई प्राथमिकता दिनु,
३. सामाजिक, आर्थिक, राजनीतिक दमन र शोषण्को विरुद्धमा आवाज उठाउनु,
४. सामन्त र शोषकको विरोध गर्नु साथै सर्वहारा वर्गको पक्षधरता देखिनु,
५. समानताको भावका माध्यमबाट मानवीय मूल्यको स्थापना गर्नु,
६. तार्किक र वैचारिक धरातलमा कथाहरू सिर्जना गर्नु,
७. पूँजीवादी व्यवस्थालाई सर्वहारा वर्गको शोषणको कारण ठान्नु,
८. निम्न वर्गका कथावस्तु अधिक हुनाले स्थानीय भाषाको प्रयोगलाई पनि महत्व दिनु,
९. राजनीतिक आग्रहलाई प्राथमिकतमा राख्नु ।

**(ख) दोस्रो मोड (वि.सं.२०२० देखि)**

**नवचेतनावादी/प्रयोगवादी धारा (वि.सं. २०२० देखि)**

नेपाली कथाको विकासमा यथार्थवादी धारापश्चात् देखापरेको नवचेतनावादी धारामा कतिपय पूर्ववर्ती कथाकारहरू समेतले नयाँ प्रवृत्तिहरू आत्मसाथ गरेर कथाशिल्पमा नवीनता प्रदान गरेका छन् । यसमा 'राल्फा' (२०२३), 'अस्वीकृत जमात' (२०२६), 'अमलेख' (२०२७), 'बुटपालिस'(२०३१), 'योङ राइट्स फन्ट' (२०३१) आदि आन्दोलनहरूले पनि नवीन उचाइँ प्रदान गरे । यस समयका प्रमुख कथाकारहरू इन्द्रबहादुर राई, मोहनराज शर्मा, मनु ब्राजाकी, ध्रुवचन्द्र गौतम, विश्वम्भर चञ्चल, मुरारी अधिकारी, पारिजात, नगेन्द्रराज शर्मा, भाउपन्थी आदि हुन् भने प्रमुख कृतिहरू विपना कतिपय, कथास्था, कठपुतलीको मन, लेखहरू र झ्याल कथासङ्ग्रह, च्याखेधर्ना, कोर्रा, महाशून्य, बैखरी, भर्खर, अवमूल्यन, आकाशको फल, तिम्री स्वास्नी र म, भविष्ययात्रा, पारदर्शी मान्छे, अँध्यारो द्वीपमा, गौतमका केही प्रतिनिधि कथाहरू, संरक्षक, साल्गीको बलत्कृत आँसु, बधशाला जाँदा–आउँदा, पीपलको बोटमुनि, एकान्तका आफन्तहरू आदि  कथासङ्ग्रहहरू रहेका छन् । यस धाराका प्रवृत्तिहरू निम्न छन् :

१. यथार्थवादी धाराका विपरीत नवीन शिल्पको प्रयोग गर्नु,
२. वृत्ताकारीय ढाँचाका कथा लेखनमा प्राथमिकता दिनु,
३. चेतनप्रवाह शैलीको प्रयोग गरिएका अकथाहरू देखापर्नु,
४ नवीन बिम्ब, प्रतीक र मिथकको प्रयोगलाई प्राथमिकता दिनु,
५. पाश्चात्य शैलीका कथाहरूको प्रभाव बढी हुनु,,
६. जीवनजगत्का सुक्ष्म विषयहरूलाई कथामा स्थान दिनु,
७. युगबोधी र विश्वबोधी चेतनाको अभिव्यक्ति दिनु,
८. थोरै पात्रको प्रयोग गरी सूक्ष्म विषयमा केन्द्रित हुनु,
९. मानवता र स्वतन्त्रताको पक्षमा वकालत गर्नु ।

**(ग) तेस्रो मोड (वि.सं.२०३६ देखि)**

**समसामयिक धारा/उत्तरवर्ती चरण (वि.सं. २०३६ देखि)**

वि.सं. २०३६ को राजनीतिक आन्दोलनसँगै आधुनिक नेपाली कथाको समसामयिक धारा प्रारम्भ भएको मानिन्छ । प्रयोगवादी वा नवचेतनावादी धारापछि आधुनिक नेपाली कथामा पूर्ववर्ती प्रयोगवादी शैलीशिल्पमा समेत विविधता देखिएकाले र वि.सं.२०३६ यताका नेपाली कथा केही पृथक् पहिचानका साथ देखापरेकाले वि.सं.२०३६ यताका नेपाली कथालाई समसामयिक धारा तथा उत्तरवर्ती चरण मान्नु उपयुक्त हुन्छ (गौतम र अधिकारी, २०६९, पृ.१६४) । यस मोडका केही कथासङ्ग्रहहरू विकल्पयात्रा, जाडोमा भोक कथासङ्ग्रह सुतेको समुन्द्र, छापामारको छोरा, एउटा अर्कै बाटो, मनै मन त हो, तेस्रो विश्वयुद्ध, चिरिएको मुटु, इतिवृत्त, मोक्षान्त आदि रहेका छन् भने प्रमुख कथाकारहरू राजेन्द्र पराजुली, गोविन्द गिरी प्रेरणा, महेशविक्रम शाह, नयनराज पाण्डे, इल्या भट्टराई, रोशन थापा 'निरव' आदि

देखा परेका छन् । यस समसामयिक धाराका प्रवृत्तिहरू निम्न छन् :

१. यथास्थितिवादी शासक र सत्ताको विरोध गर्नु,
२. समसामयिक आर्थिक, सामाजिक, राजनीतिक विषयवस्तुलाई कथामा समावेश गर्नु,
३. प्रजातात्रिक तथा लोकतान्त्रिक मूल्यमान्यताको प्रस्तुति गर्नु,
४. सामाजिक विषयवस्तु साथै सामाजिक अन्याय, अत्याचारको विरोध गर्नु,
५. बिम्ब र प्रतीकहरूको प्रयोग साथै स्वैरकल्पनाको समेत प्रयोग गर्नु,
६. कतिपय कथामा बौद्धिकता र प्रयोगशीलताका कारण जटिलता देखिनु,
७. मूल्यहीन राजनीतिप्रति व्यङ्ग्यभाव प्रस्तुत गर्नु,
८. नारीवादी चेतना र सीमान्तीकृत वर्गको पक्षमा आवाज उठाउनु,
९. नातावाद, कृपावादको विरोध र भ्रष्टाचार मुक्त समाजको कल्पना गर्नु,
१०. डायस्पोरिक लेखनबाट उनीहरूको भोगाइको प्रस्तुति हुनु,
११. सशस्त्र द्वन्द्वको पीडा, त्रासद मानसिकता, भय र सन्त्रासको प्रस्तुतिका साथै शान्तिको कामना गर्नु,
१२. छुवाछुत, जातीय, लैङ्गिक विभोदलाई युगीन विश्व समस्याका रूपमा प्रस्तुत गर्नु ।

## (घ) चौथो मोड (वि.सं.२०४० देखि)

### उत्तरआधुनिकतावादी बहुलवादी धारा (वि.सं. २०४० यता)

आधुनिक नेपाली कथा साहित्यको विकासमा एक धाराको उदयसँगै अर्को धाराको विस्थापन भएको पाइदैंन । आधुनिक नेपाली कथामा प्रयोगवादी धारा यथार्थवादी धारासँगै अगाडि बढेको र समसायिक धारा पनि नवचेतनावादी धारासँगै सक्रिय रहेको देखिन्छ । वि.सं. २०४० को दशकमा आइपुग्दा नवचेतनावादी धाराका कथाकारहरू पनि समसामयिक धारामा सक्रिय भएका देखिन्छन् भने नवीन कथालेखनका दृष्टिले उत्तरआधुनिकतावादी बहुलवादी प्रवृत्तिसँग पनि उनीहरू नजिक रहेको दे खिन्छ । यस धाराका केही कथाकारहरू हुन्– इन्द्रबहादुर राई, अविनाश श्रेष्ठ, आशेष मल्ल, अनमो लमणि, अभय श्रेष्ठ, अमर न्यौपाने, नयनराज पाण्डे, मोहनराज शर्मा, राजेन्द्र पराजुली, विजय चालिसे, प्रदिप नेपाल, परसु प्रधान, गोपाल पराजुली, ध्रुव सापकोटा, जया राई, विश्वम्भर चञ्चल, सरुभक्त, शैलेन्द्र शाकार, लव गाउँले, राजव, नारायण ढकाल, रत्नमाणि नेपाल, कुमार नगरकोटी आदि । यी कथाकारका कथाहरूमा कुनै न कुनै किसिमबाट उत्तरआधुनिकतावादी बहुलवादी दृष्टिकोण पाइन्छ । यो धारा यस पूर्वको समसामयिक र नवचेतनावादी धारालाई विस्थापित गरेर आएको धारा नभई सोही धाराकै क्रमिक निरन्तरता हो ।

उत्तरआधुनिकतावादी धारामा कतिपय पूर्ववर्ती प्रवृत्तिहरू आएका छन् भने कति नवीन शैलीमा देखिएका पनि छन् । अतः यस धाराका प्रवृत्तिहरूलाई निम्न रूपमा प्रस्तुत गर्न सकिन्छ :

१. बहुलवादी दृष्टिकोण भित्रिनु,
२. सांस्कृतिक चेत, जातीय चेत र जनजातीय चेत देखिनु,
३. केन्द्र भञ्जन र नव केन्द्रको स्थापनामा जोड,

४. दलित, उपेक्षित, किनाराकृत, अन्यहरूको पक्षधरता देखिनु,
५. उपनिवेशिक र उत्तरऔपनेवेशिक चेतनाबाट कथाको सिर्जना हुनु,
६. मार्क्सवादी दृष्टिकोणको रुढता कम हुँदै प्रयोगशीलता देखिनु,
७. विज्ञान र प्रविधि संस्कृतिको प्रभाव र प्रयोग बढी हुनु,
८. अकथात्मक, विनिर्मित र चेतन प्रवाहशैलीका कथाहरूको प्रयोग बढ्दै जानु,
९. यौनमनोविज्ञान प्रकृतिवादतिर ढल्कदै जानु,
१०. पर्यावरणीय चेतना र सांस्कृतिक चेतनामा वृद्धि हुनु,
११. बहुअर्थिकता, अन्तर्विषयकता, अन्तर्वाठीयताको प्रभाव बढ्नु,
१२. अन्तराष्ट्रिय गतिविधिप्रति सचेतता हुनु,
१३. नवीन शैलीको खोजी गर्नु,
१४. नारीवादी, समलिङ्गकेन्द्री कथा पनि लेखिनु,
१५. कथ्य भाषा र क्षेत्रीय भाषिकाको प्रयोग पनि कथामा पाइनु ।

## निष्कर्ष

नेपाली कथाको विकासक्रम पहिल्याउने कार्य निकै जटिल र चुनौतिपूर्ण कार्य हो । यसलाई कालखण्ड तथा धारामा विभाजन गर्दा कुन समय र कथाकारका प्रवृत्तिलाई आधार मान्ने भन्ने विषय पनि महत्वपूर्ण रहन्छ । नेपाली कथाको विकास वैदिक, पौराणिक, लौकिक युग हुँदै सुनाउने र सुन्ने परम्पराबाट भएको हो । नेपाली कथाको लिखित स्वरूपलाई हेर्दा वि.सं. १८२७ मा पुग्नु पर्ने हुन्छ । यस समयको शक्तिबल्लब अर्यालको महाभारत विराटपर्व गद्य आख्यानलाई पहिलो नेपाली लिखित कथाको रूपमा स्वीकार गरिएको छ । केही विद्वानहरूले वि.सं. १८०० तिर अज्ञातद्वारा लिखित न भयाको कथालाई पहिलो प्राथमिक कालीन नेपाली लिखित स्वरूपको कथा मानेका छन् तर पनि महाभारत विराटपर्वलाई नै विश्वविद्यालयमा पठनपाठनमा पनि स्वीकार गरिएको छ । नेपाली कथाको विकासको कालखण्ड तथा धाराको विभाजनमा पनि विद्वान केही मतभेद छ तर यसलाई सहजताका लागि प्रथमिक, माध्यमिक र आधुनिक काल खण्डमा विभाजन गरी अध्ययन गर्ने विषयमा भने सहमति देखिन्छ । यही तीन खण्डका आधारमा नेपाली कथा साहित्यको काल विभाजन गर्दा प्राथमिक काल वि.सं.१८२७ देखि गोरखापत्रको प्रकाशन पूर्व वि.सं. १९५७ सम्म, माध्यमिककाल गोरखापत्रको प्रकाशनको समय वि.सं. १९५८ देखि वि.सं. १९९१ सम्म र आधुनिक काल शारदा पत्रिकामा गुरूप्रसाद मैनालीको 'नासो' कथा प्रकाशन वि.सं. १९९२ देखि वर्तमानसम्मको समयलाई लिइन्छ । नेपाली कथाको आधुनिक काललाई विभिन्न मोड र धारामा विभाजन गरेर अध्ययन गर्दा पहिलो मोड (वि.सं.१९९२ देखि) र यसमा सामाजिक यथार्थवादी धारा (वि.सं. १९९२ देखि) गुरूप्रसाद मैनालीको 'नासो' कथाबाट, मनोवैज्ञानिक यथार्थवादी धारा (वि.सं. १९९२ देखि) विश्वेश्वरप्रसाद को इरालाको 'चन्द्रवदन' कथाबाट र समाजवादी (प्रगतिवादी) धारा (वि.सं.२००६ देखि) रमेश विकलको 'गरिब' कथाबाट प्रारम्भ भएको हो । त्यस्तै नेपाली कथाको आधुनिक कालको दोस्रो मोड (वि.सं.२०२० देखि) प्रारम्भ हुन्छ । नवचेतनावादी/प्रयोगवादी धारा (वि.सं. २०२० देखि) का रूपमा परिचित यस

मोडको प्रारम्भकर्ताको श्रेय आयामेली आन्दोलन र इन्द्रबहादुर राईलाई जान्छ । त्यसै गरी आधुनिक नेपाली कथाको तेस्रो मोड (वि.सं.२०३६ देखि) लाई समसामयिक धारा/उत्तरवर्ती चरणका रूपमा लिइएको छ । यसमा पूर्ववर्ती चरणहरूका प्रवृत्तिहरूको पनि निरन्तरता रहको तर केही भिन्न विज्ञान, प्रविधिको विकास र विश्वजनीन विषयहरूलाई समावेश गरिएको देखिन्छ । आधुनिक नेपाली कथाको चौथो मोड (वि.सं.२०४० देखि) लाई उत्तरआधुनिकतावादी बहुलवादी धाराको रूपमा लिइएको छ । यस समयदेखि मूलतः बहुलवादी धारणाले स्थान पाएको देखिन्छ । समग्रमा नेपाली कथाको विकासमा प्रयोगवादी धाराको प्रारम्भ भइसकेपछि यथार्थवादी धारामा कथा लेख्ने परम्पराको अन्त्य भएको होइन तर नयाँ प्रवृत्तिको उदय भएको मात्र हो । त्यस्तै कथामा उत्तरआधुनिकतावादी प्रवृत्ति भित्रिदा पनि पूर्ववर्ती यथार्थवादी, मनोवैज्ञानिक, प्रगतिवादी, प्रयोगवादी, समसामयिक आदि धाराका विशेषताहरूको पनि निरन्तरता रहेको देखिन्छ । त्यसैले नेपाली कथाको विकासको क्रम आधुनिककालमा आइपुग्दा प्रवृत्तिगत विविधताले निरन्तरता पाएको छ ।

## सन्दर्भसाग्री सूची

गौतम, लक्ष्मणप्रसाद र ज्ञानु अधिकारी (२०६९). नेपाली कथाको इतिहास. काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

नेपाल, घनश्याम (सन् २००५). आख्यानको कुरा. सिलगढी : एकता बुक हाउस प्रा.लि. ।

न्यौपाने, नेत्रप्रसाद र नारायणप्रसाद शर्मा, गैरे (२०६८). नेपाली कथा र उपन्यास : सिद्धान्त र समीक्षा. काठमाडौँ : आशिष बुक्स हाउस, प्रा.लि. ।

पोखरेल, बालकृष्ण (सम्पा.) (२०३१). पाँच सय वर्ष (दो.सं.). ललितपुर : साझा प्रकाशन ।

भट्टराई, शरदचन्द्र शर्मा (२०६१). प्राचीन नेपाली गद्याख्यान. ललितपुर : साझा प्राशन ।

बराल, कृष्णहरि (२०६९). कथा सिद्धान्त. काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

श्रेष्ठ, दयाराम (२०६५). साहित्यको इतिहासः सिद्धान्त र सन्दर्भ (तृ.सं.). काठमाडौँ : पालुवा प्रकाशन प्रा.लि.

kujar, kishor (2021 november 25). ऐतिहासिक पद्धतिका अर्थ, परिभाषा, महत्त्व, उद्देश्य, सीमाएं=https://www.nayadost.in/2021/05/historical-method-in-hindi.html

metodologiasapiens (2020). ऐतिहासिक विधि के हो ? https://metodologiasapiens.com/ne/metodosmas-informacion-metodo-historico/)

wikipedia (2020 march 7). ऐतिहासिक विधि= ttps://hi.wikipedia.org/wiki/ऐतिहासिक विधि